# प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा

मूल्यांकन विशिष्टिकरण विषयको आंशिक आवश्यकता

पूरा गर्नको लागि प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

मीनबहादुर सामन्त

परिक्षा रोल नं : २८००७०/२०६६

त्रि.वि. दर्ता नं : ९-२-२६८-१०-२००१

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं


२०६८

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्यांकन विशिष्टिकरण विषयका छात्र मीनबहादुर सामन्तले शोधपत्र शीर्षक **प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरको वर्तमान अवस्था** शीर्षक मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखन प्रति म पूर्ण सन्तुष्ट भएकोले आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

.......................................

उप-प्रा. ध्रुवप्रसाद निउरे

शोधनिर्देशक

मिति : २०६८/०३/०२/०५

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्यांकन विशिष्टिकरण विषयको आवश्यकता परिपूर्तिका लागि **प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था** शीर्षकमा मीनबहादुर सामन्तद्वारा तयार पारी  आवश्यक मूल्यांकनका लागि यस मूल्यांकन समितिमा पेश गर्नुभएको शोधपत्र स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| सह प्रा. नारायण बस्नेत<br>(विभागीय प्रमुख) | ............................ |
| उप-प्रा. ध्रुवप्रसाद निउरे<br>(शोधनिर्देशक ) | ............................ |
| उप-प्रा. शिवराज वदू<br>वाह्य परीक्षक | ............................ |

मिति : २०६८/०३/०९/०४

# कृतज्ञताज्ञापन

प्रस्तुत "**प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था**" शीर्षकको शोधपत्रको शुरुदेखि अन्त्यसम्म आफनो अमूल्य समय दिइ निर्देशन, सुझाव दिनु हुने पाठ्यक्रम तथा मूल्यांकन विभागका विभागीय प्रमुख सह-प्रा. नारायण बस्नेत ज्यू प्रति आभार व्यक्त गर्दछु । यस शोधपत्र तयारीको क्रममा स्वीकृति प्रदान गरी अनुसन्धान गर्न अवसर दिनुहुने ध्रुवप्रसाद निउरे ज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधपत्रको क्रममा आवश्यक सूचना उपलब्ध गराइ सहयोग पुऱ्याउनु हुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षकहरु, विद्यार्थीहरु तथा अभिभावकहरु सम्पूर्णमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । आफ्नो अमुल्य समय खर्च गरेर उच्च शिक्षा प्रदान गर्न अवसर दिनुहुने आदरणीय बुवा श्री ललित सिंह सामन्त, आमा बिर्मादेबि सामन्त, बहिनी पशुपति, रेखा प्रति सदैव ऋणी छु । आफ्नो घरको काममा व्यस्त रहेर पनि मलाई मेरो पढाइप्रति हौसला थपि दिने मेरी जीवन संगीनी जानकी र छोरी भावना प्रति म आभार प्रकट गर्दछु । शोधपत्र लेखन कार्यमा थप हौसला प्रदान गर्ने साथी रोजिना खड्कालाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसै गरी लेखन कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने साथीहरु उमेश बस्नेत, देवेन्द्र पौडेल, खेम निरौला साथै मेरा सहपाठी साथीहरु प्रति आभार प्रकट गर्दछु ।

शोधपत्रलाई मूर्त रुप प्रदान गर्न कम्प्युटर टंकन गरी सहयोग पुऱ्याउने युनिक कम्प्युटर एजुकेशन, कीर्तिपुरका उकेश मचामसीलाई धन्यवाद दिन चाहन्छु ।

मीनबहादुर सामन्त

# शोधसार

"प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था" शीर्षकमा तयार पारेको यस शोधपत्र मुख्य गरी निम्न उद्देश्यमा लक्षित थियो । यस अध्ययनको उद्देश्यहरुमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमि पत्ता लगाउनु, बालबालिकाहरुको विद्यालय छोड्नुका कारणहरु अन्वेषण गर्नु, विद्यालय छोड्नुका कारणहरु पत्ता लगाई सुधारका लागि आवश्यक उपायहरु खोजी गर्नु रहेका थिए । यस अध्ययनमा मिश्रित विधि (गुणात्मक र परिमाणात्मक) को प्रयोग गरिएको थियो । यस अध्ययनका लागि दत्तु गा.वि.स. अन्तर्गत रहेका ७ वटा सामुदायिक विद्यालयहरुमध्ये २ वटा विद्यालयहरुलाई उद्देश्यात्मक नमूना छनोट विधिको प्रयोग गरी छनोट गरिएको थियो । त्यसैगरी यस अध्ययनमा उक्त विद्यालयका दुईजना प्र.अ., ३५ जना अभिभावक, १२ जना शिक्षक, र ३५ जना बाबालिकाहरुलाई अध्ययनको जनसंख्याको नमूनाको रुपमा लिइएको थियो ।

यस अध्ययनका लागि आवश्यक सूचनाहरु संकलन गर्न प्र.अ., शिक्षक, अभिभावक र बालबालिकाहरुलाई अन्तर्वार्ता सूचीको प्रयोग गरिएको थियो भने दस्तावेज अध्ययनको समेत सहयोग लिई थप आवश्यक सूचनाहरु संकलन गरिएको थियो । यस अध्ययनमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक, सामाजिक र आर्थिक अवस्थाको पहिचान गर्न तीनवटा पक्षहरुमा (पारिवारिक, सामाजिक र आर्थिक) विभाजन गरी प्रत्येकको छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको थियो । बालबालिकाहरुको पारिवारिक अवस्था र यसले शिक्षामा पार्ने प्रभावलाई हेर्दा परिवारको किसिमले उनीहरुको शिक्षामा प्रभाव पारेको पाइयो । यस अध्ययनमा एकल परिवारका आधा भन्दा बढी बालबालिकाहरुले विद्यालय छोडेको पाइयो । यसबाट के देखिन्छ भने संयुक्त परिवारका बालबालिकाहरुको भन्दा एकल परिवारका बालबालिकाहरुको शिक्षामा पहुँच राम्रो रहेको पाइयो । त्यसैगरी परिवारको पेशाले पनि बालबालिकाहरुको शिक्षामा ठूलो प्रभाव पारेको हुन्छ । यस अध्ययनमा नमूनाको रुपमा रहेका बालबालिकाहरुका अभिभावकहरु मध्ये धेरै जसो मजदुरी र केही कृषि पेशामा संलग्न रहेको पाइयो । अभिभावकहरुको शैक्षिक अवस्थालाई हेर्दा अधिकांश अभिभावकहरु निरक्षर रहेको पाइयो ।

बालबालिकाहरुको आर्थिक अवस्थालाई हेर्दा पनि विविधता रहेको पाइयो । त्यसैगरी सामाजिक अवस्थालाई हेर्दा जातिय विवरण अन्तर्गत माथिल्लो जातका न्यून संख्या र तल्लो जातका धेरै जसो बालबालिकाहरुले विद्यालय छोडेको पाइयो । लिंगगत आधारमा हेर्दा पनि केटाहरु केटीको तुलनामा बढी देखियो । बालबालिकाहरुले प्राथमिक तहमा विद्यालय छोड्ने कारणहरुलाई हेर्दा विद्यालयको कारण, आर्थिक कारण, व्यक्तिगत कारण, परिवारसंग सम्बन्धित कारण प्रमुख रुपमा रहेको पाइयो । प्राथमिक तहमा विद्यालय छोडेका अधिकांश बालबालिकाहरु कृषि, मजदुरी, खलासी, घरायसी र होटल कामदारको रुपमा संलग्न रहेको पाइयो ।

बालबालिकाहरुले विद्यालय छोडेने प्रवृत्तिको दर घटाउने सम्बन्धमा बालबालिकाहरुको प्रतिक्रिया बुझ्दा आर्थिक अवस्था, विद्यालयको दुरी, घरको वातावरण राम्रो हुनुपर्ने प्रतिक्रिया दिएका थिए भने अभिभावकहरुले दिएको सुझावमा रोजगारीको अवसर, जातिगत भेदभाव र लैंगिक विभेदको अन्त्य , छात्रवृत्ति वितरण, आर्थिक अवस्थामा सुधार हुनुपर्ने प्रतिक्रिया दिएका थिए । प्र.अ. र शिक्षकहरुले बालबालिकाहरुको पढाइलाई निरन्तरता दिनु चेतनाको विकास, रोजगारीको अवसर, एकल परिवारको धारणा, जातिय र लैंगिक विभेदको अन्त्य, विद्यालयको भौतिक अवस्था र शिक्षाको महत्व बुझाई पुन विद्यालय आउन प्रोत्साहन गर्नुपर्ने सुझाव दिएका थिए ।

## विषय-सूची

पृष्ठ


सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञताज्ञापन iii

शोधसार iv

विषय सूची vi

तालिका सूची ix

परिच्छेद-एक

परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ अनुसन्धान प्रश्नहरु ३

१.४ अध्ययनको उद्देश्य ४

१.५ अध्ययनको महत्व ४

१.६ अध्ययनको सीमाहरु ५

१.७ शब्दहरुको परिभाषा ५

परिच्छेद दुई

पूर्व साहित्यको अध्ययन

२.१ अध्ययनहरुको पुनरावलोकन ६

२.२ सैद्धान्तिक ढाँचा ८

२.३ अवधारणात्मक ढाँचा ९

परिच्छेद तीन

अध्ययन विधि

३.१ अनुसन्धानको ढाँचा ११

३.२ जनसंख्या निर्धारण ११

३.३ नमुना छनौट ११

३.३.१ जिल्लाको छनौट १२

३.३.२ विद्यालयको छनौट १२

३.३.३ प्रधानाध्यापक तथा शिक्षकहरुको छनौट १२

३.३.४ बालबालिकाहरुको छनौट १२

३.३.५ अभिभावकको छनौट १२

३.४ सूचना संकलनका साधनहरु १२

३.४.१ अन्तर्वार्ता प्रश्नावली १३

३.४.२ दस्तावेज अध्ययन १३

३.५ तथ्याङ्क संकलन प्रक्रिया १३

३.६ तथ्याङ्को विश्लेषण प्रक्रिया १३


**अध्याय चार**

**तथ्यांक विश्लेषण र व्याख्या**


४.१. विद्यालय छोडेका बालबालिकाहरुको विवरण १४

४.१.१. प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको विवरण १४

४.१.२. शैक्षिक वर्ष २०६६ र २०६७ सालको श्री गडिभवन मा.वि. र श्री राष्ट्रिय उच्च मा.वि.को तुलनात्मक विवरण १९

४.२. विद्यालय छोडेका बालबालिकाहरुको पारिवारिक, सामाजिक र आर्थिक अवस्था २०

४.२.१. बालबालिकाहरुको पारिवारिक अवस्था र यसले शिक्षामा पारेको प्रभाव २१

४.२.२. बालबालिकाहरुको आर्थिक अवस्था र यसले शिक्षामा पारेको प्रभाव २४

४.२.३. बालबालिकाहरुका सामाजिक अवस्था र यसले शिक्षामा पारेको प्रभाव २५

४.३. प्राथमिक तहमा विद्यालय छोड्नुका कारणहरु २८

४.३.१. विद्यालयसम्बन्धी कारणहरु २८

४.३.२. आर्थिक कारणहरु २९

४.३.३. व्यक्तिगत कारणहरु २९

४.३.४. परिवारसँग सम्बन्धित कारणहरु ३०

४.३.५. प्राथमिक तहमा विद्यालय छोड्ने कारणहरुबारे प्रधानाध्यापक तथा शिक्षकहरुबाट आएका प्रतिक्रिया ३१

४.३.६. प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था ३२

४.४. विद्यालय छोड्ने दर घटाउने उपायहरु ३३

४.४.१. विद्यालय छोडेका बालबालिकाहरुबाट पुनः विद्यालय जाने सम्बन्धमा उनीहरुको दृष्टिकोण ३४

४.४.२. अभिभावकले दिएको सुझावको आधारमा विद्यालय छोड्ने समस्या कम गर्ने उपायहरु ३४

४.४.३. प्रधानाध्यापक र शिक्षकले दिएको सुझावहरुका आधारमा विद्यालय छोड्ने समस्या कम गर्ने उपायहरु ३५

## अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१. प्राप्ति ३७

५.२. अध्ययनको निष्कर्ष ३८

५.३. सुझावहरु ३९

**सन्दर्भ सूची**

**अनुसूची**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका १ | नेपालमा प्राथमिक तहमा विद्यालय छोड्ने र दोहोऱ्याउने दर | २ |
| तालिका ४.१. | २०६६ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको विवरण | १५ |
| तालिका ४.२. | २०६७ सालमा प्राथमिक तहमा विद्यालय छोडेका बालबालिकाहरुको विवरण | १६ |
| तालिका ४.३ | २०६६ र २०६७ सालमा कक्षा छोड्ने विद्यार्थी | १७ |
| तालिका ४.४. | कक्षागत अवस्था अनुसार २०६६ सालमा कक्षा छोड्ने विद्यार्थीहरु | १७ |
| तालिका ४.५ | कक्षागत अवस्था अनुसार २०६७ सालमा कक्षा छोड्ने विद्यार्थीहरु | १८ |
| तालिका ४.६ | शैक्षिक वर्ष २०६६ र ६७ सालको श्री गडिभवन मा.वि. र श्री राष्ट्रिय उच्च मा.वि.को विद्यार्थी विवरण | १९ |
| तालिका ४.७. | विद्यालय छोडेका बालबालिकाहरुको परिवारको किसिम | २१ |
| तालिका ४.८. | बालबालिकाहरुको परिवारको पेशा | २२ |
| तालिका ४.९. | विद्यालय छोडेका बालबालिकाहरुको अभिभावकको शिक्षा | २३ |
| तालिका ४.१०. | आर्थिक अवस्था | २४ |
| तालिका ४.११. | विद्यालय छोडेका बालबालिकाहरुको जातिगत विवरण | २६ |
| तालिका ४.१२. | विद्यालय छोडेका बालबालिकाहरुको लैंगिक विवरण | २७ |
| तालिका ४.१३. | बालबालिकाहरुले विचैमा विद्यालय छोडने कारणहरु | २८ |
| तालिका ४.१४ | बालबालिकाहरुले विचैमा विद्यालय छोड्ने आर्थिक कारणहरु | २९ |
| तालिका ४.१५. | बालबालिकाहरुका अनुसार बिचैमा विद्यालय छोड्ने व्यक्तिगत कारणहरु | ३० |
| तालिका ४.१६ | अभिभावकका अनुसार बालबालिकाले बिचैमा विद्यालय छोड्ने पारिवारिक कारणहरु | ३१ |
| तालिका ४.१७. | विद्यालय छोडेका बालबालिकाहरुको वर्तमान अवस्था | ३२ |
| तालिका ४.१८. | विद्यालय छोडेका बालबालिकाहरुबाट पुनः विद्यालय जाने सम्बन्धमा बालबालिकाहरुको दृष्टिकोण | ३४ |